मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२
कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको ऐतिहासिक दिनको सम्झनामा हरेक वर्ष मे २९ का दिन मनाइने अन्तर्राष्ट्रिय सगरमाथा दिवसको सुखद अवसरमा सम्पूर्ण पर्वतारोही, पर्यटन व्यवसायी र हिमाल आरोहण क्षेत्रसँग सम्बद्ध व्यक्तित्व एवम् सबै नेपाली दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

सन् १९५३ मे २९ (वि.सं. २०१० जेठ १५) मा तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले पहिलो पटक सगरमाथाको सफल आरोहण गर्नुभएको थियो। सगरमाथाको आरोहणले नेपाल र नेपालीको पहिचानलाई संसारभरि स्थापित गरेको ऐतिहासिक र गौरवमय दिनका रुपमा आजको दिनलाई लिइन्छ। यस अवसरमा हिमाल आरोहणको क्षेत्रमा साहस, समर्पण र कीर्तिमान कायम गर्ने सम्पूर्ण पर्वतारोही, शेर्पा समुदाय, उद्धारकर्मी तथा सहयोगीहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।

सगरमाथा केवल हिमाल मात्र होइन, यो नेपाल र नेपालीको पहिचान, स्वाभिमान र गौरवको प्रतीक पनि हो। विश्वकै सर्वोच्च शिखर सगरमाथाको काखमा कोशी प्रदेश अवस्थित हुनु हाम्रो लागि गर्वको विषय हो। सगरमाथासँगै यहाँ रहेका अनेकौं हिमशृङ्खला, जैविक विविधता, प्राकृतिक सौन्दर्यता र साँस्कृतिक सम्पदाले प्रदेशमा पर्यटन विकासको अथाह सम्भावनालाई उजागर गरेका छन्। पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार, संरक्षण र प्रवर्धनमार्फत कोशी प्रदेश तथा समग्र मुलुककै आर्थिक समृद्धि हासिल गर्न सकिन्छ। कोशी प्रदेश सरकारले पर्यटनलाई आर्थिक समृद्धिको प्रमुख आधारको रूपमा लिएर २०८३ श्रावणदेखि २०८५ असारसम्म "कोशी प्रदेश भ्रमण वर्ष" मनाउने तयारी गरिरहेको छ। यसले स्वदेशी तथा विदेशी पर्यटक आकर्षित गरी रोजगारी सिर्जना र राष्ट्रिय पूँजी निर्माणमा योगदान पुर्‍याउने विश्वास लिएको छु।

जलस्रोत संरक्षण, वातावरणीय सन्तुलन, कृषि प्रणाली र पर्यटन प्रवर्धनमा हिमालको महत्त्वपूर्ण योगदान छ। तर, जलवायु परिवर्तनको बढ्दो प्रभावका कारण हिमालहरू पग्लिने, हिमनदी सुक्ने तथा हिमाली पर्यावरणीय प्रणालीमा गम्भीर संकट उत्पन्न हुने जोखिम बढ्दो छ। यस्तो चुनौतीपूर्ण अवस्थामा हिमाल संरक्षण, फोहोर व्यवस्थापन, दिगो पर्यटन विकास तथा पर्वतारोहीहरूको सुरक्षाका लागि सामूहिक प्रतिबद्धता आवश्यक छ। कोशी प्रदेश सरकार हिमाली पर्यावरण संरक्षण, सुरक्षित पर्वतीय पर्यटन र दिगो विकासका लागि सबै सरोकारवालासँग सहकार्य गर्दै अघि बढ्न दृढ संकल्पित छ।

अन्त्यमा, अन्तर्राष्ट्रिय सगरमाथा दिवसले हामी सबैमा प्रकृति संरक्षण, हिमालप्रतिको जिम्मेवारीबोध, पर्यटन विकास र राष्ट्रिय गौरवको भावनालाई अझ सुदृढ बनाउँदै नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउने प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२९ मे २०२६

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री